जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक ३२ २०७९ साल चैत १२ गते आइतवार (26 Mar 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** विवाह सम्बन्धि कसुर र गर्भपतन ... **पृष्ठ ३ मा :** घोडामा लगिरहेको लागु औषध ... **पृष्ठ ४ मा :** कानुनभन्दा माथि हुन् ... **पृष्ठ ५ मा :** पत्रकार महासंघले थाल्यो...

# ८० वर्षिया बृद्धादेखी एक बालिकासहित चार जनाले गरे आत्महत्याको प्रयास, दुई महिलाद्वारा आत्महत्या

**राजविराज**/सप्तरीमा गत साता दुई महिलाले झुण्डिएर आत्महत्या गरेकी छिन् भने ८० वर्षिया बृद्धा र एक बालिकासहित चार जनाले आत्महत्याको प्रयास गरेका छन्।

योसँगै जिल्लामा २ महिनाको अवधिमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या १८ पुगेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्ले देखाएको छ।

पछिल्लो पटक जिल्लाको शम्भुनाथ नगरपालिका ९ ब्रजहट टोलको २२ वर्षिया सजन देवी मुखियाले आत्महत्या गरेकी जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार बुधवार राती १० बजे तिर आफ्नै घरमा बाँसको बलोमा साडीको पासो लगाई उनले आत्महत्या गरेकी हुन्।

यसैगरि जिल्लाको विष्णुपुर गाउँपालिका ३ मुसहरी टोल निवासी ३२ वर्षिया ममता मरिकले आफ्नै कोठामा साडीको पासो लगाई झुण्डिएर आत्महत्या गरेकी छिन।

दुबैको आत्महत्याको कारण भने खुल्न न सकेको र अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन्।

यता विहीवार विहान राजविराज नगरपालिका १ डुमरी शिवधान निवासी ८० वर्षिया जानकी साहले विषादी सेवन गरी आत्महत्याको प्रयास गरेकी छिन। उनको स्थानीय गजेन्द्र नारायण सिह अस्पतालमा उपचार भइरहेको छ। विषादी सेवनबारे कारण खुल्न नसकेको तथा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यस्तै बिहीबारै जिल्लाको राजगढ गाउँपालिका ६ इनर्वा बस्ने १२ वर्षिया कल्पना यादवले फिनिले प्लस र कोलिन नामक बिषादीहरु सेवन गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै जिल्लाको तिरहुत गाउँपालिका ५ सदा टोल बस्ने ५८ वर्षिय सुकदेव सदाले नाम नखुलेको विषादी सेवन गरेका छन्।

हाल दुबै जनाको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचार भईरहेको तथा दुबै घटना बारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

यस्तै जिल्लाको खडक नगरपालिका-८ विसनपुर टोल बस्ने ७५ वर्षिय बृद्ध हजिरा मोती रहमान मियाँले तरकारी खेतीमा किरा मार्न प्रयोग गरिने सुपरकिलर नामक विषादी सेवन गरी आत्महत्याको प्रयास गरेका छन्।

उनको गम्भिर अवस्थामा छिन्नमस्ता अस्पतालमा उपचार भइरहेको छ। दुवै घटनाको कारण भने खुल्न नसकेको र यसबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

जिल्लामा आत्महत्याको घट्नामा निकै तीव्र रुपमा बढिरहेको छ। चालु आर्थिक वर्ष २०७९/०८० को हाल सम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ७७ पुगेको छ भने गत आर्थिक वर्ष २०७८/०७९ मा १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्ले देखाएको छ।

प्रहरीले न्युनिकरणका लागी अहिले जिल्लाका सबै पालिकामा सचेतना अभियान समेत संचालन गरे पनि आत्महत्याको दर बढ्ने क्रम नरोकिनु दुःखद छ।

# स्ववियु निर्वाचनमा विद्यार्थी युनियन नेतृत्वको संयुक्त प्यानल बिजयी

**राजविराज**/स्ववियु निर्वाचनमा समाजवादी विद्यार्थी युनियन नेतृत्वको संयुक्त प्यानल बिजयी भएको छ।

राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको उक्त निर्वाचनमा सभापति पदमा रंजित कुमार यादवले यादव बिजयी भएका हुन्। उनले ४ सय २३ मत प्राप्त गरे भने निकटतम प्रतिस्पर्धी एमाले निकट अनेरास्ववीयुका सभापति पदका उम्मेदवार रन्जिव कुमार साहले १ सय ९९ मत प्राप्त गरेकाम छन्।

नेविसंघका सभापतीका उम्मेदवार महेश कुमार यादवले ९० मत तथा विद्यार्थी जनमत संघका सभापती पदका उम्मेदवार राजभजन मण्डलले ७२ मत प्राप्त गरे। एमाले निकटको अनेरास्ववीयु र एकिकृत समाजवादी निकटको अनेरास्ववियुले तालमेल गरेका थिए भने कांग्रेस निकटको नेविसंघ र जनमत पार्टी नेतृत्वको विद्यार्थी जनमत संघ एक्ला एक्लै प्रतिस्पर्धामा उत्रेका थिए। समाजवादी युनियनले लोसपा

*बाँकी पाँच पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा वारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र वारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजविराज नगरपालिका, सप्तरी

# बैदेशिक रोजगारीमा पठाइदिने भन्दै लिएको रकम फिर्ता

**राजविराज**/बैदेशिक रोजगार कम्पनीका एक एजेन्टले बुधबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा ६ लाख रकम फिर्ता गरेको छ।

झण्डै एक वर्षदेखी बैदेशिक रोजगारीमा पठाइदिने भन्दै तीन जनासँग एजेन्टले लिएको झण्डै ६ लाख रकम प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापालाई फिर्ता गरेका हुन्।

सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी एजेन्ट जवरुल मियाँविरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी आएपछि प्रशासन कार्यालयमै रहेको आप्रवासी श्रोत केन्द्र राजविराजले एजेन्ट तथा पीडितहरुसँग लामो समयसम्म समन्वय गरेको थियो।

समन्वय पश्चात् एजेन्ट मियाँले तीनै जनाको पासपोर्ट बनाउन लागेको ११/११ हजार रकमसहित ६ लाख ८ हजार प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापालाई फिर्ता गरे। एजेन्टले फिर्ता गरेको उक्त रकम प्रजिअ थापाले सोही बेला तीनै जना पीडितलाई प्रदान गरेको आप्रवासी श्रोत केन्द्र राजविराजका कार्यक्रम संयोजक राजेन्द्र यादवले जानकारी दिए।

बैदेशिक रोजगारका लागि कतार पठाइदिने भन्दै मियाँले जिल्लाकै तिरहुत गाउँपालिका २ का ऐयुब मंसुरीसँग २ लाख १५ हजार, रहमान मियाँसँग १ लाख ८० हजार र विष्णुपुर गाउँपालिका १ का मो. इरफान मंसुरीसँग १ लाख ८० हजार गरि ५ लाख ७५ हजार रकम लिएका थिए। ६ महिनासम्म पनि एजेन्ट मियाँले बैदेशिक रोजगारका लागि नपठाएपछि पीडित तिनै जनाले जिल्ला प्रशासन कार्यालय सप्तरीमा उजुरी दिएका थिए।

**डढेलोबाट बचौं र बचाऔं ।**

➢ सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
➢ जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
➢ हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
➢ जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोवाट आफू पनि वचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अभिभावकहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ

सप्तरी जिल्लामा आत्महत्याको घट्ना बढ्नुका साथै विषादी सेवनका घटनाले पनि निरासाजनक पारेको छ । चालु आर्थिक वर्ष २०७९/०८० को हाल सम्मको अवधीमा विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या ७७ पुगेको छ भने गत आर्थिक वर्ष २०७८/०७९ मा १ सय ३६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । यस्ता घटनाहरु बढ्नुले मानिसहरुमा जिवनमा आउने समस्याहरुको सामना गर्न नसक्नु देखाएको छ । मृत्युवरणलाई नै आत्मसाथ गर्नु पर्ने आवस्था अचानक कसरी आएको भन्दै जिल्लामा निरासा छाएको छ ।

यस्ता घटनाहरुलाई निरुत्साहित पार्न अहिले प्रहरीले घटना न्युनिकरणका लागी जिल्लाका सबै पालिकामा सचेतना अभियान समेत संचालन गर्दै आएको छ । तै पनि आत्महत्याको दर बढ्ने क्रम नरोकिनु दुःखद छ । पछिल्लो पटक जिल्लामा ८० वर्षिया बृद्धा र एक बालिकासहित चार जनाले आत्महत्याको प्रयास गरेका छन् । हुनत यस्ता घटना आत्मसाथ गर्नेमा प्राय गरि युवा समूहका मानिसहरु पर्ने गर्छन् । तर केही दिनयता ८० वर्ष, ७५ वर्ष, ५८ वर्षमा बृद्ध अवस्थामा पुगेका व्यक्तिहरुले पनि आत्महत्याको बाटो रोजेकोमा दुःख लाग्दो अवस्था रहेको छ । यति मात्र नभएर कलिला उमेरका बालबालिकाहरु पनि आत्महत्याकै बाटो रोज्ने बढ्दै गएको छ । विगत २ महिनाको तथ्याङ्क हेर्ने हो भने विष सेवन र झुण्डिएर आत्महत्या गर्नेको संख्या १८ पुगेको छ ।

तसर्थ यस्ता घटनाहरुलाई निरुत्साहित पार्न प्रहरीले मात्र नभएर सामाजका प्रत्येक व्यक्ति लाग्नु जरुरी छ । त्यसमा पनि अभिभावकहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने उत्तिकै आवश्यक छ ।

# विवाह सम्बन्धि कसुर र गर्भपतन मुद्दामा श्रीमान जेल चलान

**राजविराज**/सप्तरी जिल्ला अदालतले राजविराजका एक युवकलाई दाईजोका नाममा परिवारका अन्य सदस्य समेतले शारिरीक र मानसिक यातना, कुटपिट, गर्भपतन, खान लगाउन नदिने र घर निकाला सम्मको कसुर गरेको भन्दै पुर्पक्षका लागी कारागार पठाउने आदेश दिएको छ ।

मुख्य न्यायाधिश हेमन्त रावलको एकल इजलासले राजविराज ३ निवासी ३० वर्षिय नवीनकुमार दासलाई पुर्पक्षका लागी कारागार पठाउने आदेश दिएको हो ।

उनको श्रीमती २३ वर्षिया आरती कुमारी दास न्यायका लागी अदालतको शरणमा पुगेकी थिईन । यस अघि घरेलु हिंसाको मुद्दामा समेत जिल्ला अदालतले आरतीको पक्षमा संरक्षनात्मक आदेश जारी गरेको थियो ।

दास विरुद्ध परेको विवाह सम्बन्धि कसुर र गर्भपतन मुद्दामा थुनछेक बहस पछी शुक्रवार कारागारमा पठाउने आदेश जारी गरे लगतै प्रहरीले उनलाई राजविराज कारागार चलान गरेको छ ।





मुद्दामा विपक्षी बनाइएका सासु, ससुरा र नन्दलाई समेत मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ५७ बमोजिम पकाउ पुर्जी जारी गरी कारवाही सजायको माग गरिएको छ । हाल उनीहरु फरार रहेको बताइएको छ ।

वहसमा पीडित महिला आरतीका तर्फबाट प्रदेश सभासदस्य समेत रहेकी अधिवक्ता किरण कुमारी साह, केशव दास लगायत ५ जना कानुन व्यवसायीले बहस गरेका थिए । अधिवक्ता साहले पीडित महिला आरतीलाई न्याय दिलाउन गरेको प्रयासमा न्यायमुर्ती रावलले गरेको फैसलाले न्याय र अदालत प्रतिको आस्था र विश्वास मजवुत बनाउने काम गरेको बताईन ।

आदेशमा आरतीलाई निज बसी आएको घरमा वसोवास गर्न दिनु, खान लाउन दिनु तथा कुटपिट र गाली बेइजत नगर्नु भनिएको थियो । त्यती बेला पनि घर प्रवेश गराउन खोज्दा परिवारजनले घरको मुल गेटमा भित्र पट्टीबाट ताला लगाएर बसेका थिए । पटक पटक आग्रह गर्दा पनि ढोका न खोलेपछी कानून व्यवसायी, संचारकर्मी, जनप्रतिनीधी, प्रहरी र स्थानीय भरभलादमीले बाहिरबाट सिढी लगाएर आरतीलाई घरको कम्पाउण्ड भित्र छिराएको थियो ।

तर, अदालतको आदेशको पालना नगरी श्रीमान नविन, सासु, ससुरा, नन्द र परिवारका अन्य सदस्यहरु मिली फेरी त्यस्तै प्रकृतिको व्यवहार दोहऱ्याउन थालेको भन्दै आरती पुनःअदालतको शरणमा पुगेकी थिइन ।

उनले अदालतमा पेश गरेको विवाह सम्बन्धि कसुर र गर्भपतन सम्बन्धि मुद्दामा थप ५० लाख दाईजो माईतबाट लिई आउन परिवारजनले दवाव दिन थालेको र इन्कार गर्दा गर्भवती अवस्थामा समेत खान लाउन नदिई कुटपिट गरेपछी २ महिना २ दिनको गर्भ समेत तुहिएको उल्लेख गरेकी छिन । गर्भ तुहिएको सम्बन्धि मेडिकल रिपोर्ट पनि पेश गरेकी उनले दाईजोका लागी पटक पटक शारिरीक र मानसिक यातना मात्र होइन । घरमा खान लाउन पनि नदिदाँ कतिपय दिन भोक भोकै वस्नु परेको त कतिपय दिन माइतीबाट खाना खर्च मगाई खानाको जोहो आफैले गर्नु परेको पीडा उल्लेख गरेकी छिन ।

जनकपुर उप महानगरपालिका माईती भएकी आरतीको राजविराज ३ निवासी नवीनसँग २०७७ साल मंसिर २१ गते धुमधामका साथ हिन्दु रितीरिवाज अनुसार विवाह सम्पन्न भएको थियो । तर, थप दाईजोको मागका लागी आरती र माईती पक्षलाई दवाव बढाँउदै लगेपछी आन्तरिक कलह बढ्दै गएको थियो ।

# सवारी दुर्घटनामा एक बृद्धासहित चार जना घाइते

**राजविराज**/सप्तरीमा शुक्रबार भएको छुट्टाछुट्टै दुर्घटनामा एक बृद्धासहित चार जना घाइते भएका छन् । मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा पछाडी सवार एक बृद्धा घाइते भएकी छिन् ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ५ गर्जास्थितमा पातो कठौना सडक खण्डमा पातोबाट बोदेबर्साईनतर्फ जादै गरेको मधेश प्रदेश ०६-००१प.०९८५ नं. को मोटरसाइकलबाट लडेर एक बृद्धा घाइते भएका छन् ।

घाइते हुनेमा स्थानिय दिपककुमार साहकी हजुरआमा ७० वर्षिया पिंकी देवी साह छन् । उनी आफ्नै नातीले चलाइरहेको मोटरसाइकलबाट लडेकी हुन् । लडेर उनको टाउको र निधारमा चोट लागेकोले शत्रुधन अस्पताल बोदेबर्साईनमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

यस्तै राजबिराज १३ स्थित भित्रि सडक खण्डमा दक्षिणबाट उत्तरतर्फ आउदै गरेको स.१ह. ६३१ नं.को सिटि रिक्शाले पैदलयात्री ४० वर्षिया अनन्दी देवी यादवलाई ठक्कर दिएको छ । ठक्करबाट उनको दाहिने हात र कम्मरमा चोट लागेर गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा उपचार भईरहेको छ ।

यसैगरि जिल्लाको सप्तकोशी ४ बलारदहस्थित कंचनपुर फत्तेपुर भित्री सडक खण्डमा महुलीबाट उदयपुरतर्फ जादै गरेको प्र.१-०५-००१प. २५६९ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक उदयपुर बेल्का १ निवासी ४५ वर्षिय बिध्यानन्द चौधरी र पछाडी सवार बिराटनगर १ निवासी ५६ वर्षिय मनोज कुमार थापा घाइते भएका छन् ।

चौधरीको टाउँको, हातमा चोट लागेको र थापाको ढाडमा चोट लागेकोले दुवै जनाको स्थानिय मेडिकल फत्तेपुरमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# मैथिली भाषाको विकासमा योगदान पुऱ्याउने पाँच जना पुरस्कृत

**मोरङ**/मैथिली भाषाको विकास एवं सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान दिने पाँच जनालाई नगदसहित पुरस्कृत गरिएको छ ।

मैथिल सञ्चारकर्मी सङ्घ नेपाल कोशी प्रदेशद्वारा शनिबार आयोजित एक समारोहमा उनीहरुलाई पुरस्कृत गरिएको हो ।

पुरस्कृत हुनेमा इन्द्र मिथिला गौरव सम्मानबाट धीरेन्द्र प्रेमर्षी नगद रु २१ हजार एक सय ११, उज्ज्वल मिथिला नछत्र गौरव सम्मानबाट रामा मण्डल रु ११ हजार एक सय ११, रघुनाथ गुप्ता स्वतन्त्र सेनानी पुरस्कारबाट राधादेवी मण्डल रु सात हजार एक सय ५१ रामपरिदेवी पत्रकार पुरस्कारबाट ब्रह्मदेव यादव रु पाँच हजार एक सय ११ र कौशल्या मुसहरी स्मृति पुरस्कारबाट सुश्री श्रेयालाई रु पाँच हजार एवं सम्मान पत्रबाट पुरस्कृत गरिएको छ ।

सो अवसरमा राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले पुरस्कार वितरण गर्दै राजनीतिक दलमा रहेका नेताले आफ्नो मातृभाषा एवं संस्कृतिको संरक्षणका लागि कार्य गर्नुपर्ने बताए । उनले सभ्यता र संस्कृतिको जगेनामा भाषाको महत्वपूर्ण योगदान हुन्छ भन्दै यो ज्ञानको प्रशारक भएको धारणा राखे ।

प्रतिनिधिसभाका सदस्य योगेन्द्र मण्डलले यस क्षेत्रमा बसोबास गर्ने विपन्न मैथिली भाषीलाई शिक्षामा पहुँच पुऱ्याउन आवश्यक सहयोग गर्ने बताए । कोशी प्रदेशका पूर्वमन्त्री जयराम यादवले मैथिली सञ्चारकर्मीलाई आफ्नो बुबा बर्जु यादवको नाममा रु एक लाख २१ हजार एक सय ११ को अक्षय कोष स्थापना गर्ने घोषणा गरे ।

मोरङका प्रमुख जिल्ला अधिकारी तीर्थराज भट्टराईले जनताको अधिकार स्थापना गर्न राजनीतिक दलका नेतृत्वले नीति निर्माण तहमा भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । सङ्घका अध्यक्ष नवीन कर्ण, महासचिव वीरेन्द्रकुमार साह र नेपाल पत्रकार महासङ्घ मोरङका अध्यक्ष सञ्जीव खनालले नेपालको दोस्रो ठूलो भाषा रहेको मैथिलीको विकासका लागि सञ्चारकर्मीहरुले कलम चलाउनुपर्ने सुझाव दिएका छन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# घोडामा लगिरहेको लागु औषध गाजा बरामद



**राजविराज**/सप्तरी प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागु औषध गाजा बरामद गरेको छ।

भारतीय सीमासँग जोडिएको जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १४ स्थित गोबरगाढाको छतौनी क्षेत्रमा तस्करले घोडामा लोड गरि लैजादै गरेको अवस्थामा शनिबार राती ९ बजेतिर प्रहरीले १ सय ८४ केजी गाजा बरामद गरेको हो।

प्रहरीले घोडासहित गाजा ल्याउने क्रममा बाटोमा केही अज्ञात समूहले अवरोध गरि गाजा खोस्ने प्रयास गरेको र यस क्रममा एक राउण्ड हवाई फायर गर्दा उनीहरु भागेको प्रहरीको भनाई छ।

सप्तकोशी नदीको भेलले घेरिएको उक्त गाउँमा यसअघि डुङ्गाको प्रयोग गरि केही तस्करहरुले भारततर्फ गाजा तस्करी गर्ने गरेकोमा पहिलो पटक घोडाबाट पनि गाजा तस्करी गरेको पाइएको प्रहरीले जनाएको छ।

प्रहरी टोली देख्नासाथ तस्कर भने फरार भएको र खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# मोटरसाइकलको ठक्करबाट साइकल यात्रीको मृत्यु

**राजविराज**/सप्तरीको खडक नगरपालिकामा मोटरसाइकलले साइकललाई ठक्कर दिदा साइकल यात्रीको मृत्यु भएको छ भने दुर्घटनामा दुई जना घाइते भएका छन्।

सो नगरपालिका वडा नं. ८ भदियास्थित बिसनपुर बोदेवर्साईन सडक खण्डमा मोटरसाइकलले ठक्कर दिदा स्थानिय खेस्राहा निवासी ५५ वर्षिय साइकल यात्री मो. ईब्राहिम मियाँको मृत्यु भएको हो।

बोदेबरसाईनबाट बिसनपुरतर्फ आउदै गरेको स.१प५.३५२४ नम्बरको मोटरसाइकलले सोही दिशातर्फ आउदै गरेको साईकललाई पछाडीबाट ठक्कर दिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा मोटरसाइकल चालक वडा नं. ७ कल्याणपुर निवासी १९ वर्षिय अफ्रोज मियाँ र मोटरसाइकल पछाडी सवार स्थानिय २० वर्षिय मो. सनाबुल घाइते भएका छन्।

घाइते दुबै जनाको युनिक अस्पताल रुपनी सप्तरीमा उपचार भईरहेको छ भने सामान्य उपचार पश्चात थप उपचारको लागी बिराटनगरतर्फ लादै गर्दा साईकल यात्री मो. ईब्राहिम मियाँको बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# करेन्ट लागेर महिलाको मृत्यु

**राजविराज**/सप्तरीको महादेवा गाउँपालिका वडा नं. ४ डाढामा बुधबार मो. जहुरकी ५० वर्षिया श्रीमती अमिना खातुनको करेन्ट लागेर मृत्यु भएको छ।

आंगनमा थुपारीराखिएको जस्तापाता एक ठाउँबाट अर्को ठाउँमा सार्ने क्रममा घर नजिकै रहेको विद्युतीय पोलको तारमा जस्तापाताले छोएपछि खातुनलाई करेन्ट लागेको प्रहरीले जनाएको छ।

गम्भिर अवस्थामा उनलाई तत्कालै भारदह अस्पतालमा ल्याएकोमा चिकितसकले मृत घोषित गरेका थिए।

## राजविराज नगरपालिका

### ३ नं. वडा कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०

चलानी नं: ३०९

मिति २०७९।१२।०६

**विषय : सूचना सूचना सूचना**

**३ नं वडा कार्यालय रा.वि.न.पा. बाट जारी भएको सूचना**

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने गोविन्द प्रसाद दाहालले तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनी मिति २०७९।१२।०६ मा द.न.३२३ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

**तपसिल**

**जि.स.रा.वि.न.पा. वाडा.नं ४ हाल ३ बस्ने कमला देवी दाहाल नाउँ दर्ताको जग्गा**

| जिल्ला | गा.वि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ | ३०१ | ०-१-० |

**अनिल कुमार दास**
**वडा अध्यक्ष**

## कोशी पीडित समाज

Koshi Victims Society (KVS)

राजविराज–३ सप्तरी

**बाँसको हस्तकला सम्बन्धि प्रशिक्षकको लागि निवेदन दर्ता गर्ने सम्बन्धि सूचना**

(सूचना प्रकाशन मिति २०७९/१२/०६)

USAID को सहयोगमा कोशी पीडित समाजले सप्तरी जिल्लाका कन्चनरुप-४ र १०, अग्निसाइर कृष्णासवरन-४ र ५, हनुमाननगर कंकालिनी-४ र ५ र तिलाठी कोइलाडी-४ र ८ मा USAID Local Works: Saptari परियोजना संचालन गरिहेको छ। यस परियोजना अन्तर्गत छनौट भएका सिमान्तकृत समुदायका केहि व्यक्तिहरु सम्मिलित दुइ समुहको लागि एक/एक हप्ताको बाँसको हस्तकला सम्बन्धि तालिम संचालन गर्न दक्ष र अनुभवी प्रशिक्षकहरुले मिति २०७९/१२/१६ गते भित्र यस संस्थामा आइपुग्ने गरी निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु:**

- इच्छुक व्यक्तिले बन्द खाम भित्र प्रशिक्षणको निवेदन, दर रेट (अंक र अक्षरमा) प्रति हप्ता, तालिम लिएको प्रमाण पत्र, नेपाली नागरिकताको प्रतिलिपी, स्थायी लेखा नं., सम्पर्क नं समाबेश गरि तोकिएको समयमा दर्ता गनुपर्नेछ।
- प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वा मान्यता प्राप्त संस्थाबाट सम्बन्धित तालिम प्राप्त हुनुपर्ने छ।
- कम्तिमा ३ वटा बाँसको हस्तकला सम्बन्धि तालिमहरुमा सहजिकरण गरेको हुनुपर्ने छ।
- प्रशिक्षक प्रशिक्षण छनोट सम्बन्धि निर्णय गर्ने अधिकार कोशी पीडित समाजमा निहित रहने छ।
- ईमेल मार्फत आवेदन दर्ता गर्न चाहने व्यक्तिले निवेदनसहित सम्पूर्ण कागजातको scan copy ईमेल ठेगाना vacancykvs@gmail.com वा कार्यालयमा सिधै पठाउन सकिने छ।

थप जानकारीका लागी सम्पर्क नं. ०३१-५३२५२४ वा ९८४१६४९०६७ मा सम्पर्क गर्न सकिनेछ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

**गुनासोका लागि**

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी**

**०३१-५२२५२३**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

**हाम्रा विशेषताहरु**

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# कानुनभन्दा माथि हुन् नेपालका कर्मचारी ?

**सन्तोष दङ्गाल**

कर्मचारी र राजनीतिज्ञहरूको संयन्त्रबाट कुनै पनि राज्य सञ्चालन हुन्छ । निर्वाचनमार्फत प्रतिनिधिका रूपमा राजनीतिज्ञहरू राज्यको नेतृत्वदायी भूमिकामा रहन्छन् । त्यस्ता निर्वाचित प्रतिनिधि देशको राजनीतिक संयन्त्र हुन् । व्यवस्थापिकामार्फत जनताको प्रतिनिधि मन्त्रिपरिषद्मा सामेल हुन्छन् । उनीहरू निर्वाचित सदस्यहरूका रूपमा देशको निर्णयक भूमिकामा रहन्छन् । यो राजनीतिक संयन्त्रअन्तर्गतको निकाय हो । यति मात्र नभएर स्थानीय सरकार, प्रदेश सरकार, स्थानीय व्यवस्थापिकाका प्रतिनिधिहरू, प्रदेश सभाका प्रतिनिधिहरू र वडा स्तरमा निर्वाचित जनप्रतिनिधिहरू सबै राजनीतिक संयन्त्रभित्र पर्छन् ।

राज्यको राजनीतिक संरचना, कर्मचारी संरचना, विभिन्न मन्त्रालयहरू, विभाग, शाखा राज्यका स्थायी संरचना हुन् । तर राजनीतिक संरचनाको नेतृत्व भने अस्थायी हुने गर्दछ । प्रजातान्त्रिक मुलुकमा आवधिक निर्वाचनमार्फत जनताहरूले राजनीतिक नेतृत्व परिवर्तन गर्ने सक्ने क्षमता राख्छन् । आवधिक निर्वाचनका कारण राजनीतिक नेतृत्वमा रहेका प्रतिनिधिहरू हेरफेर हुन सक्ने हुँदा उनीहरू जनताप्रति उत्तरदायी हुन्छन् । यदि राजनीतिक संरचनामा सामेल प्रतिनिधिहरू प्रधानमन्त्री, मन्त्रीहरू वा सबै तहका प्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुन नसकेमा निर्वाचमार्फत जनताहरूले दण्डित गर्न सक्ने अवस्था हुन्छ ।

राजनीतिक संरचनाका अलावा राज्यमा अर्को महत्त्वपूर्ण संरचना रहेको हुन्छ, जसलाई कर्मचारीतन्त्र वा कर्मचारी संयन्त्र भनेर चिनिन्छ । कर्मचारी संयन्त्रलाई स्थायी सरकार भनेर पनि चिनिन्छ । यसको गठन ऐन तथा कानुन बमोजिम हुन्छ । कर्मचारीहरू सम्बन्धित विधा जस्तै अर्थको क्षेत्रमा काम गर्नेहरू अर्थको बारेमा जानकार हुन्छन् भने रक्षा, भौतिक निर्माणलगायतका क्षेत्रमा कार्यरतहरू सोही विधामा जानकार हुन्छन् । कर्मचारी संरचनामा सामेल व्यक्तित्वहरू प्रतिस्पर्धात्मक विधिबाट छनोट भएर आएका हुन्छन् । जुनसुकै राष्ट्रको नेतृत्वले चाहे अनुरूपको शासन सञ्चालनमा सहयोग गर्ने काम कर्मचारी संयन्त्रबाट नै हुने गर्दछ ।

सरकारले जनतालाई सेवा प्रवाह गर्ने काम कर्मचारीहरूकै सहयोगमा गर्दछ । देशको नेतृत्वदायी भूमिकामा राजनीतिक संयन्त्र रहन्छ भने नेतृत्वका योजना, अवधारणहरू कार्यान्वयन गराउने काम कर्मचारीतन्त्रको रहेको हुन्छ । कर्मचारी संरचनाले प्रभावकारी कार्य सम्पादन गर्न नसक्ने हो भने जस्तोसुकै अब्बल राजनीतिक नेतृत्व पनि असफल हुन सक्छ ।

देशका जनताहरूको जनजीवीकाका विविध सवालहरू, दैनिक सेवा प्रवाह, नीतिनियम कार्यान्वियन, सुशासनलगायतका विषयमा राजनीतिक नेतृत्वको अहम् भूमिका रहन्छ । जनअपेक्षाअनुरूप शासन गर्नु र सोहीबमोजिम राज्यका सबै संरचना प्रभावकारी रूपमा परिचालन गर्नु राजनीतिक नेतृत्वको जिम्मेवारी हो । तर पनि दैनिक सेवा प्रवाह, जनता वा सेवाग्राहीसँग प्रत्यक्ष सम्पर्क भने कर्मचारी संयन्त्रभित्र सामेल व्यक्तिहरूको नै रहन्छ ।

स्थानीय निकायमा जन्म, विवहा, बसाइँ सराइ, मृत्युलगायतका घटना दर्ता, विभिन्न सुरक्षा भक्ता लिने काम, साना लगानीका व्यवसाय दर्ता, विभिन्न किसिमका सिफारिसलगायतका काममा कर्मचारी संयन्त्रको सहभागिता रहने गर्दछ । राज्यका विभिन्न सेवा सुविधाको प्रवाहमा जनतासम्म लगेर सेवा प्रवाह गराउने काम भने कर्मचारी संयन्त्रको हो । राजनीतिक नेतृत्वले त केवल योजना निर्माण, बजेट वितरण, नियम कानुन कार्यान्वयन, नियम कानुनमा रहेको अफठ्यारालाई सहज बनाउन पहल गर्ने काम गर्दछ ।

कानुन बमोजिमको शासन गराउने जिम्मा राजनीतिक र कर्मचारी संयन्त्रको हो । राजनीतिक नेतृत्वले विकास निमार्णका योजना तर्जुमा गर्ने, सुशासनलगायत विषयमा भावी कार्यक्रमहरू निमार्ण गर्ने गर्दछ । त्यस्ता योजना, कार्यक्रमहरूलाई जीवन्त बनाउन जनतासँग प्रत्यक्ष काम गर्ने भनेको कर्मचारी संरचनाले हो । कानुन कार्यान्वयन सुशासन, विकास निर्माणलगायतका कार्यहरू गर्दा जनताका अधिकार हनन् हुन नदिनु र अनावश्यक झन्झट वा अफठ्याराको निराकरण गर्ने विषयमा राजनीतिक संयन्त्र र कर्मचारी संयन्त्र दुवैको बराबरी दायित्व हुन्छ । यदि कानुन कार्यान्वयन गर्दा जनताको हित प्रतिकूल काम, जनतालाई सेवा प्रवाहमा असहजता सिर्जना, सेवा प्रवाहमा अनावश्यक झन्झट, विकास निर्माणका काममा ढिलासुस्ती भएमा जनताहरू सरकारकै विरुद्धमा मुद्दा लिएर न्यायालयसमेत जान सक्ने अधिकार जनताहरूको रहन्छ ।

नेपालमा कर्मचारी संयन्त्र र राजनीतिक संयन्त्र दुवैप्रति जनताको गुनासो रहेको पाइन्छ । जनताका प्रतिनिधिका रूपमा रहेका राजनीतिक व्यक्तित्वहरू सत्ता र शक्तिमा पुगेपछि आफूलाई सेवा प्रदायकको रूपमा नभई शासकको रूपमा आचरण गर्ने प्रवृत्ति देखिन्छ । कर्मचारीहरूमा भने आफूले गर्ने कामहरूप्रति जवाफदेहिता नभएको भान हुन्छ । दैनिक जीवनमा जनतासँग जोडिने र जनताका सवालहरूमा प्रत्यक्ष सम्बन्ध राख्ने कर्मचारी संयन्त्र सेवा प्रवाहमा ढिलासुस्ती गरिरहेको हुन्छ ।

कानुन आफैंमा झन्झटिलो त छ नै त्यसमा पनि कानुनभन्दा माथि रहेर कर्मचारीहरूले आचरण गरेको पाइन्छ । उदाहरणका लागि समाजिक संस्था कम्पनी रजिस्ट्रारको कार्यालयमा मुनाफा वितरण नगर्ने कम्पनीका रूपमा दर्ता हुन सक्ने व्यवस्था कम्पनी ऐन २०६३ ले गरेको छ । त्यसैगरी संस्था दर्ता ऐन २०३४ ले जिल्ला प्रशासन कार्यालयमा पनि संस्था दर्ता गर्न सक्ने व्यवस्था गरेको छ । दुवै ऐन संसद्बाट पारित भएर लागू भएको समान हैसिय राख्ने कानुनहरू हुन् । कम्पनी ऐन, संस्था दर्ता ऐन र अन्य कुनै पनि कानुनले संस्था यही मात्र वा यसरी मात्र दर्ता हुनुपर्छ भन्ने उल्लेख छैन । यसको अर्थ भनेको दुई ऐनहरूमध्ये जुन ऐनबमोजिम पनि सामाजिक संस्था दर्ता हुन सक्छ भन्ने हुन्छ ।

कम्पनी ऐन २०६३ बमोजिम संस्थाका रूपमा मुनाफा वितरण नगर्ने कम्पनी दर्ता भइसकेपछि संस्थाले कुनै पनि कार्य गर्नका लागि स्थानीय निकायको सिफारिस आवश्यक हुँदा सिफारिस माग गर्ने क्रममा कर्मचारीलाई कम्पनीबाट पनि सामाजिक काम गर्ने संस्था दर्ता हुन्छ भन्ने थाहा छैन भने जति कागजात प्रमाण पेस गरे पनि आवश्यक सिफारिस दिँदैन । यसको अर्थ कर्मचारीहरू आफूलाई थाहा नभएको विषयमा कानुन सङ्गत काम नै भए पनि गर्न मान्दैनन् र सेवाग्राहीहरूलाई समस्यामा पार्दछन् । कानुनका ठेली नै पल्टाएर व्याख्या गर्दासमेत उनीहरू आफूअनुकूल मात्र काम गर्दछन् । कर्मचारी संयन्त्रबाट कानुनले तोकेको काम भएन र कुनै जनप्रतिनिधिलाई जानकारी गरायो भने जनप्रतिनिधिहरू पनि कानुनमा लेखे पनि काम गरिआएका कर्मचारीहरूले हुँदैन भनेपछि हुँदैन भन्ने फितलो जवाफ दिएर सेवाग्राहीहरूलाई दुःख दिने गरेको पाइन्छ । यी त केही प्रतिनिधि उदाहरणहरू मात्र हुन् । यस्ता धेरै अनुभवहरू पक्कै पनि तपाईं हामी सबै नेपाली सेवाग्राहीहरूसँग रहेको छ ।

नेपालको संविधानको भाग २ मा बाबु वा आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने प्रावधान रहेको छ । यसको अर्थ आमाको नामबाट पनि नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था संविधानले गरेको छ । यति मात्र नभएर सर्वोच्च अदालतले विभिन्न मुद्दाहरू सुनुवाइ गर्दै आमाको नामबाट पनि नागरिकता प्राप्त गर्न सक्ने नजिरहरू स्थापित गरेको छ । नजिरहरू आफैंमा ऐनसरह लागू हुन्छ । सर्वोच्च अदालतबाट प्रतिपादित भएको नजिर अर्थात् सर्वोच्चको फैसला त्यस्तै प्रकृतिको पछि आउने मुद्दामा कानुन सरह लागू हुन्छ भन्ने सर्वमान्य कानुनी सिद्धान्त रहेको हुन्छ । तर पनि कुनै व्यक्ति आमाको नामबाट नागरिकता बनाउन वडा कार्यालयमा सिफारिस लिन जाँदा कर्मचारीहरूले सिफारिस दिन मान्दैनन् । यदि मानिहाले र वडाबाट सिफारिस प्राप्त भयो भने पनि कतिपय जिल्ला प्रशासन कार्यालयहरूले आमाको नामबाट नागरिकता जारी गर्न मान्दैन ।

सम्बन्धित कार्यालयका कर्मचारीहरूसँग संविधान, ऐन र नजिर नै देखाउँदा पनि नागरिकता नदिएका उदाहरण तपाईंहामी सेवाग्राहीहरूसँग प्रशस्तै छन् । यससम्बन्धमा सरकारी कर्मचारीहरूको उत्तर कति फितलो हुन्छ भने योभन्दा पहिला हामीले यस्तो कार्य नै गरेको छैन । कर्मचारीहरूलाई सबै कानुनी प्रावधान थाहा नहुन सक्छ र उनीहरूले सेवाग्राहीसँग आवश्यक जानकारी लिनु ठीक भए पनि सेवाग्राहीलाई अनावश्यक झन्झट दिने प्रवृति कर्मचारीतन्त्रमा देखिन्छ । कानुनमाथि हो वा कर्मचारीमाथि हो भन्ने विषय नै हाम्रो देशको कर्मचारी तन्त्रमा स्पष्ट नभएको देखिन्छ । कहिलेकाहीं सेवाग्राहीहरूले कतिसम्म समस्या भोग्नुपर्दछ भने न त फाइल अस्वीकृत नै गर्छन् न त काम नै सम्पन्न गर्दछन् । यस सम्बन्धमा रानीतिक नेतृत्व बेमतलब रहेको देखिन्छ । राजनीतिक नेतृत्वले निर्देशन दिँदासमेत कतिपय कर्मचारीहरूले काम सम्पादन नगरेका उदाहरणहरू हामीमाझ प्रशस्त रहेका छन् ।

राजनीतिक संयन्त्र र कर्मचारी संयन्त्रमा समन्वय नहुँदा देशमा सु-शासन र विकासका गतिविधिहरूमा प्रतिकूल प्रभाव परिरहेको छ । कर्मचारीहरू एक पटक नियुक्ति लिइसकेपछि कुनै पनि किसिमबाट निस्कासन नहुने स्थिति छ । कारवाहीको व्यवस्था भए पनि कार्वाही प्रभावकारी नहुने हुँदा कर्मचारीहरू सेवक नभई शासकका रूपमा आचरण गरिरहेका हुन्छन् । यस्तो अवस्था विद्यमान रहेसम्म न त देश सुध्रन्छ न त कुसल राजनीतिज्ञ नै सफल हुन सक्छन् । यसतर्फ सबै पक्षको चासो र सरोकार हुन पर्ने देखिन्छ । कानुनभन्दा माथि कोही हुँदैन । कानुनको पालना गर्नु सबैको दायित्व हो । कर्मचारी संयन्त्रमा सामेल सबै व्यक्तिहरू सेवक हुन्, शासक होइनन् । लेखक अधिवक्ता हुन् । रातोपाटीबाट

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**महदेवा गाउँपालिका, सप्तरी**

# पत्रकार महासंघले थाल्यो सदस्यता शुद्धिकरण अभियान

**राजविराज**/नेपाल पत्रकार महासंघ शाखा सप्तरीले सदस्यता शुद्धिकरण अभियान थालेको छ।

महासंघका सपभाति श्रवण कुमार देव र सचिव रामनारायण विश्वासद्वारा जारि विज्ञप्तिमा शुद्धिकरण अभियानमा अन्तर्गत पत्रकारितामा नरहेका तर महासंघको सदस्यता कायम भएकाहरु तथा पत्रकारिता गर्दागर्दै राजनीतिक दलमा आबद्ध भएकाहरुले स्वेच्छिकरुपमा अविलम्ब सदस्यता त्याग गरेमा शाखाले मानार्थ सदस्यताकासाथ स-सम्मान विदाई गर्ने अन्यथा केन्द्र सर्कुलर बमोजिम भई जाने उल्लेख छ।

शाखाको शनिबार बसेको बैठकले उक्त निर्णय गर्दै पत्रकारितामा निस्क्रिय रहेका तथा राजनीतिक दलमा आवद्ध रही महासंघको सदस्यसमेत रहेकाहरुको सम्बन्धमा आवश्यक अनुसन्धानका लागि शाखाका उपाध्यक्ष बैद्यनाथ यादवको संयोजकत्वमा तीन सदस्यीय सदस्यता अनुसन्धान समिति समेत गठन गरेको छ।

सो समितिको सदस्यहरुका सहसचिव गोपालप्रसाद गुप्ता र सदस्य कृष्णकुमार मण्डल रहेका छन्। समितिलाई एक सातामित्र कार्यसमितिमा प्रतिवेदन पेश गर्ने जिम्मेवारी प्रदान समेत गरिएको छ।

सोही बैठकले २०७८ र २०७९ सालको सदस्यता नवीकरण गर्न २०७९ साल चैत २१ गतेसम्मको अन्तिम म्याद प्रदान गर्ने निर्णय गर्दै शाखाको साधारण सभा आगामी २०८० बैशाख २५ गते गर्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख छ।

## छानबिन समिति गठन

**काठमाडौं**/कोशी प्रदेश नामाकरणको विषयलाई लिएर मोरङको बिराटनगरमा भएको प्रदर्शनमा एक जनाको मृत्यु भएको सम्बन्धमा सत्यतथ्य पत्ता लगाउन सरकारले छानबिन समिति गठन गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रीस्तरको निर्णसायबाट गृहमन्त्रालयका सहसचिव रामबन्धु सुवेदीको संयोजकत्वमा छ सदस्यीय छानबिन समिति गठन गरिएको गृह मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।


चैत १० मा भएको प्रदर्शनमा संलग्न लाजेहाङ लिम्बु (पदम लिम्बु)को घरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको थियो। सो विषयमा छानबिन गर्न छ सदस्यीय समिति गठन गरिएको गृहमन्त्रालयले जनाएको छ।

### *स्ववियु निर्वाचनमा ...*

निकटको लोकतान्त्रिक विद्यार्थी संघ तथा माओवादी निकटको अखिल क्रान्तिकारी संग गठबन्धन गरेका थिए। क्याम्पसमा १ हजार ९ सय १४ मतदाता रहेकोमा ८ सय ३० मत मात्र खसेको थियो।

यता निर्वाचनमा धाँधली भएको भन्दै पुनः निर्वाचनको माग गर्दै आएका नेविसंघ, अनेरास्ववियु र जनमत विद्यार्थी संघले निर्वाचन परिणाम कुनै पनि हालतमा स्वीकार्य न हुने स्पष्ट पारेका छन्। विहीवार ती संगठनहरुले संयुक्त प्रेस विज्ञप्ती जारी गर्दै धाँधलीपुर्ण र एकपक्षिय ढंगले वलजफती गराइएको निर्वाचन र मतगणना स्वीकार नभएको जनाएको छ।

नेविसंघका जिल्ला अध्यक्ष राकेश ठाकुर, विद्यार्थी जनमत संघका जिल्ला अध्यक्ष राजाकुमार साह, अनेरास्ववीयुका जिल्ला सदस्य सालीग्राम यादव तथा अन्य विद्यार्थी नेताको हस्ताक्षरमा जारी संयुक्त विज्ञप्तीमा एक पक्षलाई जिताउने गरी धाँधली पुर्ण तरिकाले गरिएको निर्वाचन तत्काल खारेज गरी अर्को चुनाव गर्नु पर्ने माग गरिएको छ। पुनः निर्वाचन नगराइए आन्दोलन चर्काउने चेतावनी समेत विज्ञप्ती मार्फत दिइएको छ।



राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०७९/०८०
च.न. १५५५ मिती :- २०७९/१२/०६

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.१० हाल १ बस्ने मो. हबिब ........ तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०७९/१२/०६ गते मा द.न.१२५८ ....को निबेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ........दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.वि.न.पा.वा.नं.१०(१) बस्ने श्री मो. [illegible] नाउ दर्ताको जग्गा

| जिल्ला | [illegible] | वडा | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौटा [illegible] | ६ | १८७६ | ०-१-२½ |
| " | " " | ६ | [illegible] | ०-१-६ |
| " | " " | ६ | [illegible] | ०-१-६½ |
| " | " " | ६ | [illegible] | ०-१-८ |
| " | " " | ६ | १८०६ | ०-०-६ |
| " | " " | ६ | १८२८ | ०-०-१ |
| " | [illegible] | २ | ८२८ | ०-०-६ |

२०७९/१२/०६
चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
राजबिराज नगरपालिका वडा नं.-१

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

## अन्तर्राष्ट्रिय समाचार

### सरकारलाई सचेत गराउन पूर्वप्रधानमन्त्री खानको माग

**इस्लामावाद**/पाकिस्तानका पूर्वप्रधानमन्त्री एवम् पाकिस्तान तहरीक-ए-इन्साफ पार्टी (पिटिआई)का अध्यक्ष इमरान खानले सरकारले आगामी आम निर्वाचन स्थगन गर्नसक्ने भएकाले संविधान उल्लङ्घन हुन नदिन सरकारलाई सचेत गराउन माग गर्नुभएको छ।

नेता खानले शनिवार भिडियो लिङ्कमार्फत आफ्नो पार्टीका कार्यकर्ता तथा समर्थकलाई सम्बोधन गर्दै शासकहरूबाट भएको संवैधानिक प्रावधानको उल्लङ्घन रोकिनुपर्नेमा जोड दिँदै न्यायालयलाई त्यसमा हस्तक्षेप गर्न आग्रह गर्नुभएको हो। असुरक्षा र आर्थिक समस्यालाई देखाएर आम निर्वाचन स्थगन गर्न वर्तमान सरकार उद्यत रहेको आरोप पनि उहाँले लगाउनुभयो।

संविधानको उल्लङ्घनले विधिको शासन र मौलिक अधिकार हनन हुने बताउँदै पूर्वप्रधानमन्त्री खानले सरकारका गलत निर्णयमा अङ्कुश लगाउन तथा संविधानको रक्षाका निम्ति ठोस कदम चाल्न अनुरोध गर्नुभयो।

वर्तमान सरकारले संविधानमाथि प्रहार गरेको आरोप लगाउँदै उहाँले आवधिक निर्वाचनको प्रत्याभूतिका निम्ति न्यायमूर्तिहरूले सरकारी बहानाबाजीलाई मान्न नहुनेमा जोड दिनुभयो।

सर्वोच्च अदालतको पाँच सदस्यीय इजलाशले गरेको निर्णयलाई सरकारले बेवास्ता गरेको बताउँदै नेता खानले आफूले जनतालाई वास्तविक स्वाधीनता दिन खोजेको र देश छाडेर कतै नभाग्ने अडान दोहोऱ्याउनुभयो। सरकारले आम जनतामा त्रास फैलाउन खोजेको आरोप लगाउँदै शासकविरुद्ध डटेर लाग्न आह्वान गर्नुभयो।

पाकिस्तानको निर्वाचन आयोगले आगामी महिनाका निम्ति निर्धारण गरिएको उपनिर्वाचन आगामी अक्टोबर ८ सम्म स्थगन गरिएको घोषणा गरेपछि संविधान मिचिएको जिकिर गर्दै न्यायाधीशहरूलाई सरकारी कदम सच्च्याउने आदेशका निम्ति आग्रह गर्नुभएको एआरवाई न्युजले जनाएको छ।

यसैबीच, निर्वाचन आयोगले विदेशमा बसेका पाकिस्तानीबाट पार्टीलाई प्राप्त रकम फुकुवाका निम्ति पिटिआईले पेश गरेको निवेदन अस्वीकार गरेको छ। आयोगले विदेशबाट प्राप्त रकमलाई अवैध भन्दै जफत गर्ने घोषणा गरेको छ। आयोगले गत अगष्ट पार्टीलाई प्राप्त रकम अवैध भएको जनाएको थियो। एजेन्सी

### 'चीनले रुसलाई हतियार आपूर्ति गरेको छैन'

**ओटावा**/अमेरिकी राष्ट्रपति जो बाइडेनले युक्रेन युद्ध प्रारम्भ भएपछि रुसलाई चीनले हातहतियार आपूर्ति नगरेको बताउनुभएको छ। विगत तीन महिनादेखि आफूले रुसलाई चीनबाट हतियार आपूर्ति भएको खबर सुनेपनि अहिलेसम्म बेइजिङले त्यसो नगरेको उहाँले बताउनुभयो।

"चीनले अहिलेसम्म रुसलाई हतियार उपलब्ध गराएको छैन भन्नेमा म विश्वस्त छु," क्यानडा भ्रमणमा रहनुभएका अमेरिकी राष्ट्रपतिले यहाँ भएको पत्रकार सम्मेलनमा भन्नुभयो। साथै उहाँले चीन र रुसबीचको सम्बन्धलाई सामान्यरुपमा नलिएको बताउँदै पछिल्लो समय सार्वजनिक भएका समाचारमा बढाइचढाइ भएको बताउनुभयो।

राष्ट्रपति बाइडेनले प्रजातन्त्रवादी पश्चिमा मुलुकबीचको सुदृढ सम्बन्धमा जोड दिँदै पारस्परिक एकता र सहयोग अपरिहार्य भएको बताउनुभयो उहाँले प्रशान्त क्षेत्रमा विद्यमान अमेरिकी गठबन्धन 'क्वाड' र अष्ट्रेलिया, भारत, जापान, अष्ट्रेलिया र बेलायत सम्मिलित औकुस (एयुकेयुस) महत्वपूर्ण सुरक्षा साझेदार हुन् भन्नुभयो।

यसैसाता चिनियाँ राष्ट्रपति सी चिनफिङबाट भएको रुस भ्रमण मस्को र बेइजिङबीचको विशेष प्रकृतिको सम्बन्धलाई अझ सुदृढ बनाउने प्रयास हो भन्दै राष्ट्रपति बाइडेनले युक्रेनलाई परास्त गर्न चीनले मस्कोलाई हातहतियार आपूर्ति गर्ने प्रतिबद्धता नजनाएको बताउनुभयो।

चीनले रुसलाई हतियार दिने घोषणा गरेको भए अमेरिकासहित पश्चिमा मुलुकले बेइजिङमाथि कडा प्रतिबन्ध लगाउने परिस्थिति सृजना गर्थ्यो। युरोपमा नै अपर्याप्त भएको रुसी इन्धन चीनले खरिद गर्ने प्रतिबद्धता पनि व्यावहारिक एवम् दीर्घकालीन नभएको अमेरिकी राष्ट्रपतिको विश्लेषण थियो।

एक पृथक प्रसङ्गमा राष्ट्रपति बाइडेनले आफ्नो देश इरानसँग द्वन्द्वमा फस्न इच्छुक नरहेको तर आफ्ना नागरिक र कर्मचारीको रक्षाका लागि बलप्रयोग गर्न पनि पछिनपर्ने बताउनुभएको छ। आफ्नो सुरक्षा टोली सिरिया भ्रमणमा जाने तयारीमा रहेको जानकारी दिँदै उहाँले उक्त कुरा बताउनुभएको हो।

उत्तरपूर्वी सिरियाको हस्काह समीप अवस्थित गठबन्धन सेनाको शिविरमा बिहीबार भएको ड्रोन आक्रमणमा एक जना अमेरिकी ठेकेदारको मृत्यु हुनाका साथै अमेरिकी सेनाका पाँच जना सदस्य घाइते भएपछि अमेरिकाले त्यहाँ तत्काल हवाई हमला गरेको थियो। ड्रोन आक्रमणको प्रतिकारमा अमेरिकी सेनाले गरेको हवाई हमलामा इरान समर्थक आठ जना लडाकु मारिएका थिए।

अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले राष्ट्रपति जो बाइडेनको निर्देशनमा इरानको इस्लामिक रिभोलुस्नरी गार्डस् कर्प्ससँग सम्बद्ध समूहले प्रयोग गर्दै आएको स्थानमा हवाई हमला गरिएको बताउनुभएको थियो। सिरियामा सक्रिय इरानी समूहले उक्त आक्रमण गरिएको ठानिएको छ किनकी ड्रोन इरानमा निर्माण गरिएको अमेरिकी गुप्तचर निकायले जनाएको छ। एजेन्सी

# सरकारको पालैपालो तीन दलले नेतृत्व गर्ने सहमति : काँग्रेस नेता निधि



**राजविराज**/नेपाली काँग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान सरकारको पालैपालो तीन दलले नेतृत्व गर्ने सहमति भएको खुलासा गरेका छन् ।

सप्तरीको कञ्चनरुप नगरपालिकास्थित बरमझियामा मंगलबार मेयर कप खेलकुद प्रतियोगिताको उद्घाटन गर्दै उनले सो खुलासाका साथ वर्तमान सरकार पाँच वर्ष सम्म चल्ने दाबी समेत गरे ।

उनले पहिलो कार्यकाल प्रचण्ड, दोश्रो कार्यकाल नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल र तेश्रो कार्यकाल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा चुनावी सरकार बन्ने पनि बताए ।

नेता निधिले सुरुमा काँग्रेसले पनि केही त्रुटी गरेका कारण प्रतिपक्षमा बस्ने अवस्था आएको भन्दै त्यसका बाबजुद पनि प्रधानमन्त्री पुष्पकमल दाहाललाई नै विश्वासको मत दिएर त्रुटी सच्याएको स्पष्ट पारे ।

सरकार बाहिर बसेर पनि प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिँदा धेरैतिरबाट नकारात्मक टिप्पणी सुन्नु परेको प्रसंग कोट्याउँदै नेता निधिले अहिले त्यसको परिणाम सकारात्मक आएको दावी गरे ।

नेपाली काँग्रेस पनि वर्तमान सरकारमा सहभागी हुने जानकारीका साथ पार्टीका केन्द्रीय सदस्य समेत रहेका उनले तीन, चार दिन भित्रै सरकारले पूर्णता पाउने भन्दै प्रदेशमा पनि कतै काँग्रेसको नेतृत्वमा कतै काँग्रेससहितको सहभागितामा सरकार बन्ने उनको कथन थियो ।

कंचनपुर नगरपालिकाका प्रमुख ललनप्रसाद गुप्ताले नगरपालिकाको तर्फबाट योग्य खेलाडी उत्पादन तथा प्रदेश र देशको खेलकुद स्तर माथी उठाउन विभिन्न योजना बनाएर अघि बढेको र यसै क्रममा पहिलो पटक फुटवल, क्रिकेट, ब्याटमिनटन र क्यारेम बोर्ड लगायतका खेल समावेश गरि प्रथम मेयरकप प्रतियोगिताको आयोजना गरिएको बताए ।

कंचनरुप नगरपालिकाको आयोजनामा संचालित प्रतियोगिताको उद्घाटन समारोहमा प्रतिनिधिसभा सदस्य दिनेशकुमार यादव, प्रदेशसभा सदस्य मो.सकिल, पूर्वसंविधानसभा सदस्य सूर्यनाथ यादव, पूर्वप्रतिनिधिसभा सदस्य डा. सूर्यनारायण यादव, पूर्वमन्त्री सत्यनारायण मण्डलगायतले शुभकामना दिएका थिए ।

# डाका मुद्दाका फरार अभियुक्त २० वर्षपछि पक्राउ

**राजविराज**/डाका मुद्दाका फरार अभियुक्त सप्तरीको बोदेबर्साइन नगरपालिका ३ का ६५ वर्षिय फुल कुमार चौधरी थारु २० वर्ष पछी पक्राउ परेका छन् ।

थारुले २०५८ साल जेठ २ गते सोही नगरपालिकाका सूर्य नारायण पालको घरमा घुसी पालको हात खुट्टा बाँधेर ६७ हजार ४० रुपैया बराबरको धनमाल लुटेर लगेका जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

डकौतिको मुख्य योजनाकार थारु नै रहेको तथा सो मुद्दा संलग्न अन्य १०/११ जना भने अझै फरार रहेको र खोजी कार्य भईरहेको प्रहरीको भनाई छ ।

उनलाई जिल्ला अदालत सप्तरीले २०७१ साल चैत्र १० गते ६ वषै कैद सजाय र १ लाख १९ हजार १ सय ८२ रुपैया जरिवाना ठहर गरेको थियो । घट्ना पछी उनी फरार थिए । पक्राउ परेका थारुलाई अदालतमा उपस्थित गराउँदा आदेशानुसार मंगलवार कैद सजाय भुक्तानका लागी राजविराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले उनलाई गाँउघरमै लुकि वसेको अवस्थामा सोमवार साँझ पक्राउ गरेको थियो ।

# विद्यालयमा अजिंगर फेला

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ८ जोगिनियास्थित राष्ट्रिय विद्यालयमा परिसरमा अजिङ्गर फेला परेको छ ।

अन्दाजी ७ किलो वजन तथा ९ फिट लम्बाई रहेको अजिङ्गरलाई वन कार्यालयको समन्वयमा व्यवस्थापन गरिएको प्रहरीले जनाएको छ ।

सो अंजिगर हेर्न स्थानिय तथा विद्यार्थीहरुको ठूलो घुइचो लागेको थियो ।

# गैर वित्तिय सम्पति बिक्रीको सार्वजनिक सुचना

यस संस्थाको नाममा गैर वित्तिय सम्पतिको रुपमा दर्ता श्रेस्ता कायम रहेको तपसिल बमोजिमको अचल सम्पति हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री वितरण गर्नुपर्ने भएकोले मिति २०७९/१२/२३ गते भित्र उक्त सम्पति खरीद गर्न इच्छुक नेपाली नागरिकले संस्थाको कार्यालयमा सम्पर्क गरी लिनु हुन (सो दिन कथम कदाचित विदा पर्न गएमा बिदाको भोली पल्ट)को लागि यो सूचना प्रकाशित गरिएको छ । थप अन्य जानकारीको लागि संस्थाको कार्यालय राजविराजमा सम्पर्क गर्नुहोला ।

| क्र.स. | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | सप्तरी | राजविराज | ६ | २४९७ | ०-०-३/४ |
| | सप्तरी | राजविराज | ६ | २५०२ | ०-०-१ १/२ |
| २ | सप्तरी | राजविराज | ६ | २५०० | ०-०-१ १/२ |
| | सप्तरी | राजविराज | ६ | २४९६ | ०-०-३/४ |
| ३. | सप्तरी | राजविराज | ५ क | २४०४ | ०-०-१० |
| ४. | सप्तरी | राजविराज | ६ | १२४८ | ०-०-१० |
| ५. | सप्तरी | राजविराज | ५ क | ५२७९ | ०-०-१७ |
| ६.. | सप्तरी | खोक्सर प्रवाहा | ९ क | ५३८ | ०-४-४ |
| ७. | सप्तरी | पातो | ८ | ५२२ | ०-९-८ १/२ |
| ८ | सप्तरी | कल्याणपुर | ८ ख | ३४३ | ०-०-५ |
| | सप्तरी | खोजपुर | ५ क | ९०५ | ०-३-१६ १/२ |
| | सप्तरी | खोजपुर | ५ क | ९०३ | ०-३-१८ १/२ |
| ९ | सप्तरी | बोरिया | ३ | २२२१ | ०-०-५ |

**नेपाल सहकारी संस्था लि.**
राजविराज ३, सप्तरी
गजेन्द्र चौक
फोन नं. ०३१-५३१०९६


**डा. कालीप्रसाद यादव**

**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

**MBBS, MD (BPKIHS) NMC NO. 19992**

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*